# राइनास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल Website:www.[illegible].gov.np

पत्र संख्या : ०८०/८१/नि. शा.
चलानी नं : ६८५

मिति : २०८०।०७।१३

विषय : मिति २०८०।६।१८ गतेको नगरकार्यपालिकाको ३६ औं बैठकबाट भएका निर्णयहरु जानकारी एवम् कार्यान्वयनको लागि पठाइएको बारे ।

श्रीमान् नगर प्रमुख ज्यू, राइनास न.पा.,
श्रीमान् नगर उप-प्रमुख ज्यू, राइनास न.पा.,
श्रीमान् वडा अध्यक्षज्यूहरु एवम् नगर कार्यपालिका सदस्यज्यूहरु सबै वडा (१० जना ),
श्रीमान नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै (८ जना ),
श्रीमान् विषयगत समितिका संयोजक ज्यू लगायत पदाधिकारी सदस्यजयूहरु,
श्रीमान् न.पा. अन्तरगत सबै विषयगत समिति/न.पा. अन्तरगतको नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिका सयोजक ज्यू लगायत सबै पदाधिकारी सदस्य जयूहरु,
श्री राइनास न.पा. नगरकार्यपालिकाको कार्यालय अन्तरगतका सबै विषयगत शाखाहरु/अन्य शाखाहरु/कार्यक्रम योजना परियोजनाहरु,
श्री वडा सचिव ज्यूहरु(सबै वडा कार्यालय),
राइनास नगरपालिका, लमजुङ ।

प्रस्तुत विषयमा मिति २०८०।६।१८ गतेको राइनास नगरपालिका नगरकार्यपालिकाको ३६ औं बैठकबाट भएका निर्णयहरु(पाना संख्या २४) उल्लेखित सम्पुर्ण जनप्रतिनिधी तथा कर्मचारी ज्यूहरुलाई जानकारी एवम् कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

(प्रकाशराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ :</u>

श्री प्रशासन शाखा, राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालय, तीनपिप्ले :- बैठकबाट भएका निर्णयहरु प्रतिलिपि उतार गरी प्रमाणित गरी राखु हुन ।

श्री सूचना प्रविधि शाखा, राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालय, तीनपिप्ले :- २४ पेजको निर्णय माथि उल्लेखित पदाधिकारीहरु,वडा कार्यालयहरु, विषयगत शाखाहरुमा इमेल गरी आजै पठाउनुहुन र वेबसाइटमा अपलोड गरिदिनुहुन ।

CamScanner

आज मिति २०८० साल असोज १८ गतेका दिन यस राइनास नगरपालिकाका नगरप्रमुख श्री खड्ग बहादुर गुरुङ ज्यू को अध्यक्षतामा बसेको कार्यपालिका बैठकको उपस्थिति र निर्णय देहायअनुसार छन्।

उपस्थिति

| | | |
|---|---|---|
| श्री खड्ग बहादुर गुरुङ | नगरप्रमुख | अध्यक्षता |
| श्री पुष्प राज खनाल | नगर उपप्रमुख | सदस्य |
| श्री विष्णु प्रसाद पौडेल | अध्यक्ष वडा नं १ | सदस्य |
| श्री लक्ष्मण शाही | " " २ | " |
| श्री देउ बहादुर पौडेल | " " ३ | " |
| श्री बलराम पराजुली | " " ४ | " |
| श्री राजन बहादुर सार्की | " " ५ | " |
| श्री गोविन्द चिलुवाल | " " ६ | " |
| श्री मोहनलाल श्रेष्ठ | " " ७ | " |
| श्री कृष्ण बहादुर रानाभाट | " " ८ | " |
| श्री तुलबिर गुरुङ | " " ९ | " |
| श्री लक्ष्मण गुरुङ | " " १० | " |
| श्री सोवना भण्डारी | कार्यपालिका सदस्य | सदस्य |
| श्री तानुमाया लामा | " " | " |
| श्री कल्पना सुनार | " " | " |
| श्री दिलमाया गुरुङ | " " | " |
| श्री चन्द्रावती पन्थी | " " | " |
| श्री रुद्र बहादुर कामी | " " | " |
| श्री बिन्दु वि.क. | " " | " |
| श्री बिमला कुमाल | " " | " |
| श्री प्रकाशराज पौडेल | | सदस्य सचिव |

बैठक व्यवस्थापक

- श्री शर्मिला अधिकारी – प्रशासन अ.
- श्री बिशाल खत्री – सह लेखापाल
- श्री कल्पना ध्यौपाने – कार्यालय सहयोगी

निर्णय नं. १. यस राइनास नगरपालिका नगर कार्यपालिकाको यस अघि मिति २०८०/०६/०५ गतेको ३४ औं बैठकमा भएका ५ वटा निर्णयहरु र मिति २०८०/०६/१५ गतेको ३५ औं बैठकमा यसको १ वटा निर्णयहरुको सम्बन्धमा आजको बैठकमा छलफल भई समिक्षा/पुनरावलोकन (Review) भयो। माथि उल्लिखित मितिको दुवै बैठकमा भएका निर्णयहरु नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन भइसकेको सबैलाई जानकारी भयो।

निर्णय नं. २. राइनास नगरपालिका नगरकार्यपालिकाको नियमित बैठक आगामी दिनदेखि (आकस्मिक र अति जरुरी अवस्थामा बाहेक) हरेक महिनाको १० गते र २५ गते गरी कम्तिमा महिनाको २ पटक बस्ने निर्णय भयो। नगर कार्यपालिकाको बैठकबाट भएका सबै निर्णयहरुको हरेक पेजको बन्द बन्दमा र अन्तिम पेजको निर्णयको बन्दमा नगरकार्यपालिका बैठकका अध्यक्ष एवं नगर प्रमुखले मात्रै दस्तखत/हस्ताक्षर गर्ने निर्णय भयो। नगर प्रमुख एवं नगर कार्यपालिकाको बैठकको अध्यक्षता गर्ने नगर प्रमुखले मात्रै दस्तखत/हस्ताक्षर गरेको नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको हरेक पेजमा भएका निर्णयहरुको बन्द बन्दमा र निर्णयको अन्तिम पेजको बन्दमा नगर प्रमुख वा अध्यक्षता गर्नेले गरेको निर्णय नगर कार्यपालिकाका सबै सदस्यहरुलाई मान्य हुने निर्णय भयो।

निर्णय नं. ३. राइनास नगरपालिकाको आ.व. ०७९//८० को नगरसभाको १० औं र ११ औं अधिवेसन बैठकबाट स्वीकृत आ.व. ०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार आ.व. ०७९/८० सम्ममा सन्चालन/कार्यान्वयन भएका र सम्पन्न भएका नगरस्तरीय/वडास्तरीय र अन्य सबै कार्यक्रम तर्फका आयोजना तथा कार्यक्रमहरुको स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७१ (६) बमोजिम नगरस्तरीय (वडास्तरीय समेत) वार्षिक प्रगति समिक्षा बैठक (गोष्ठी) यहि मिति २०८०/०७/०२ र ०३ गते गर्ने निर्णय भयो। उक्त वार्षिक प्रगति समिक्षा बैठक (गोष्ठी) मा राइनास नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीज्यूहरु, सबै नगर सभाका सदस्यज्यूहरु एवं वडा सदस्यज्यूहरुलाई अनिवार्य आमन्त्रण गरी सहभागी गराउने। रा.न.पा. नगर कार्यपालिकाको कार्यालय अन्तरगतका विषयगत शाखा, अन्य शाखा, कार्यक्रम आयोजना परियोजनाका शाखा प्रमुखज्यूहरुले र वडा सचिवहरुले अनिवार्य उपस्थित एवं सहभागी भई आ-आफ्नो शाखाबाट र वडाबाट आ.व. २०७९/८०मा सन्चालन कार्यान्यवन भएका कार्यक्रम, आयोजना, परियोजनाको र वडाको आ.व. ०७९/८० को वार्षिक प्रगति तथा बजेट खर्चको प्रस्तुती गर्ने निर्णय भयो। उक्त कार्यक्रममा लमजुङ जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रदेश सभा सदस्य माननीय सदस्यज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुखज्यू, राइनास नगरपालिकास्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, राइनास प्रहरी कार्यालय राइनासका प्रमुख, र स्थानीय पत्रकारज्यूहरुलाई आमन्त्रण गर्ने समेत निर्णय भयो। साथै माथि उल्लिखित भए बमोजिम आ.व. ०७९/८० को वार्षिक प्रगति समीक्षा बैठक (गोष्ठी) कार्यक्रम सन्चालनको लागि राइनास नगरपालिकाको नगर सभाको १२ औं अधिवेसन बैठकबाट स्वीकृत आ.व. ०८०/८१ को स्वीकृत बजेट खर्च शीर्षक नं.

२२५२९ विविध कार्यक्रम खर्च शीर्षकबाट रु. ६०,०००/- को कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन गर्ने निर्णय भयो।

निर्णय नं. ४. राइनास नगरपालिकाको आ.व. ०८०/८१ को नगर सभाको १२ औं अधिवेसन बैठकबाट स्वीकृत आ.व. ०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार आ.व. ०८०/८१ मा उपभोक्ता समितिबाट सन्चालन/कार्यान्वयन गर्ने भौतिक पूर्वाधारतर्फका आयोजनाहरुमा उपभोक्ता समितिबाट निम्नानुसारको आयोजनाहरुमा निम्नानुसारको सहभागिता/जनसहभागिता अंशदान कम्तिमा निम्नानुसार व्यहोर्ने गरी निर्धारण गर्ने निर्णय भयो। माथि उल्लेख भए बमोजिमको निम्नानुसारको उल्लिखित लागत सहभागिता/जनसहभागिता अंशदान निर्धारण आगामी नगरसभाको १३ औं अधिवेशन बैठकबाट समेत अनिवार्य स्वीकृत गर्ने समेत निर्णय भयो।

४.१ नयाँ सडक ट्रयाक निर्माण आयोजनामा कम्तिमा ३०%

४.२ अन्य सडक संरचना नाली, रिटेनिङ वाल, कजवे, कल्भर्ट, हिमपाइप, सडक स्तरोन्नती तथा निर्माण आयोजनामा कम्तिमा १५%

४.२ भवन निर्माण आयोजनामा कम्तिमा १०%

४.३ विद्युत सम्बन्धी सर्वे कार्य र सरसफाई सम्बन्धी कार्यमा कम्तिमा १५%

४.४ अन्य संरचना निर्माण आयोजनाहरु (सडक सफाइ, सडक ग्राभेल तथा मर्मत, सिंचाई नहर, कुलो, तारबार, घेराबार, सडक वत्ती, भूक्षय, पहिरो रोकथाम तथा नियन्त्रण, गोरेटो घोडेटो बाटो, खानेपानी निर्माण, मर्मत तथा सन्चालन, फोहोरमैला व्यवस्थापन आदि आयोजनामा कम्तिमा १५%

४.५ सम्वन्धित कार्यक्रमको शर्त तथा मार्गदर्शन र सम्बन्धित कार्यक्रम सन्चालन सम्बन्धी प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड स्पष्ट उल्लेख भएकोमा सोही अनुसारको जनसहभागिता/लागत सहभागिता व्यहोर्ने।

निर्णय नं. ५. यस राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय र रिस्ती मादी रिसर्च एण्ड कन्सलटेन्सी प्रा.लि. टोख न.पा. ८, काठमाडौबीच मिति २०७९/१२/०५ मा भएको सम्झौता बमोजिम राइनास नगरपालिकाको क्षमता विकास योजना (C.D.P.) तयार गरी विभिन्न मितिमा छलफल भई छलफलबाट दिइएका सुझावहरु समेत सम्वोधन गरी मिति २०८०/०१/२९ मा अन्तिम प्रतिवेदन पेश भएकोमा सो को आजको बैठमा छलफल भई स्वीकृत गर्ने र सम्झौता बमोजिमको राइनास न.पा. क्षमता विकास योजना (C.D.P.) को रकम रु. ४,९६,०७०/- नियमानुसार भुक्तानी गर्ने समेत निर्णय भयो।

निर्णय नं. ६. प्रहरी चौकी तीनपिप्ले राइनासको च. नं. ४९ मिति २०८०/०६/१४ को पत्रानुसार यस नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा, विकास निर्माण कार्यमा हुने विवाद समाधान, नगर कार्यपालिकाको आन्तरिक सुरक्षा, न्यायिक समितिको विवाद समाधान, अपराध नियन्त्रण र रोकथाम आदि कार्यमा र राइनास नगरपालिका क्षेत्रका स्थानीय जनतालाई स्थानीयस्तरमा शान्ति सुरक्षाको अनुभूति दिलाउने कार्यमा विभिन्न विपद् व्यवस्थापन सम्बन्धी कार्यमा र सर्जमिन कार्यमा, बजार अनुगमन तथा नियमन कार्यमा निरन्तर खटाउनु परेको (नगर प्रहरीको व्यवस्थापन नभएको र नगर प्रहरी नभएको हुँदा) भएकोले उक्त

कार्यमा सवारी इन्धन उपलब्ध गराउनु पर्ने भएकोले नगरपालिकाको स्रोत अवस्था हेरी र स्वीकृत वजेट हेरी वार्षिक रुपमा वढीमा निम्नानुसार सवारी इन्धन उपलब्ध गराउने निर्णय भयो।

निम्न:

६.१ प्रहरी चौकी तीनपिप्ले राइनासको लागि वढीमा वार्षिक ५० लिटर डिजेल।

६.२ प्रहरी चौकी तार्कुघाट, धमिलिकुवा र बोराङखोलाको लागि वार्षिक बढीमा १५/१५ लिटर पेट्रोल गरी जम्मा ४५ लिटर पेट्रोल ।

निर्णय नं. ७. राइनास नगरपालिकाको नियमित दैनिक काम कार्यवाहीलाई व्यवस्थित गर्न र नगरपालिकाको हरेक आ.व.को सहभागितात्मक नगर विकास योजना तर्जुमा गर्ने प्रयोजनको लागि, विषयगत क्षेत्रगत रुपमा वजेट तथा तर्जुमा छलफल विश्लेषण र प्राथमिकता निर्धारण गरी एकिकृत वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नको लागि स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम यस अघि नगरपालिकाको निर्णयानुसार गठन भएका तपसिल बमोजिमका विषयगत समितिहरुमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.६.४ बमोजिम यस अघि गठन भएका निम्न विषयगत समितिमा रहेकै संयोजक रहने गरी निम्न विषयगत समितिमा निम्न सदस्यहरु रहने गरी थप गरी विषयगत समितिलाई पूर्णता दिने निर्णय भयो। राइनास नगरपालिका अन्तरगतका सबै विषयगत समितिहरुको बैठक हरेक महिनाको १५ गते बस्ने निर्णय भयो। साथै स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १६ खण्ड (ख) को ५ बमोजिम र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को दफा ४.१० को खण्ड ग बमोजिम स्थानीय तहबाट सन्चालित आयोजना तथा कार्यक्रमहरुको लागत परिमाण समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी सो को प्रतिवेदन नगरपालिका समक्ष पेश गर्न यस अघि गठन भएको राइनास नगरपालिका अनुगमन तथा सुपरीवेक्षण समितिमा निम्न सदस्यहरु रहने गरी (थप गरी) उक्त समितिलाई पूर्णता दिने समेत निर्णय भयो।

निम्न:

७.१. विषयगत समितिहरु:

| क्र.सं. | विषयगत समिति | संयोजक/सदस्य/सदस्य सचिव | आमन्त्रित सदस्य/विज्ञ सदस्य |
|---|---|---|---|
| १ | आर्थिक विकास समिति | संयोजक: लुविन्द्र गुरुङ<br>सदस्य: शङ्ख बहादुर सार्की<br>सदस्य: नानुमाया तामाङ<br>सदस्य: पवन ढकाल (कृषि विकास शाखा प्रमुख)<br>सदस्य सचिव: शिवबाबु देवकोटा (पशु सेवा शाखा प्रमुख) | आवश्यकतानुसार सम्बन्धित कर्मचारी, गै.स.स तथा विषय विज्ञ र अन्य नगर कार्यपालिका सदस्य र नगर सभा सदस्य |
| २ | सामाजिक विकास समिति | संयोजक: बलराम पराजुली<br>सदस्य: सोचना लौडारी<br>सदस्य: बिमला कुमाल<br>सदस्य: नानीबाबु ढकाल (स्वास्थ्य शाखा प्रमुख)<br>सदस्य: सीतादेवी गैह्रे (म.बा.जे. ना. अपाङ्गता स.क. तथा समावेशी शाखा प्रमुख)<br>सदस्य सचिव: पूर्णबहादुर अछामी (शिक्षा | आवश्यकतानुसार सम्बन्धित कर्मचारी, गै.स.स. तथा विषय विज्ञ र अन्य नगर कार्यपालिका सदस्य र नगर सभा सदस्य (हरि बहादुर बोगटी - आमन्त्रित) |

| | | | |
|---|---|---|---|
| | | युवा तथा खेलकुद शाखा प्रमुख) | |
| ३ | सुशासन संस्थागत सेवा प्रवाह तथा क्षमता विकास समिति | संयोजक: बिष्णु प्रसाद पौडेल<br>सदस्य: देउ बहादुर पौडेल<br>सदस्य: कल्पना सुनार<br>सदस्य सचिव: शर्मिला अधिकारी, प्रशासन शाखा प्रमुख) | आवश्यकतानुसार सम्वन्धित कर्मचारी, गै.स.स तथा विषय विज्ञ र अन्य नगर कार्यपालिका सदस्य र नगर सभा सदस्य/सूचना प्रविधि अधिकृत तथा जिन्सी शाखा प्रमुख (इस्लाम दिन मिया र मदन बाबु गिरी - आमन्त्रित) |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | संयोजक: लक्ष्मण गुरुङ<br>सदस्य: सुक बहादुर बि.क.<br>सदस्य: चन्दावती पन्थी<br>सदस्य सचिव: विनम्रता न्यौपाने | आवश्यकतानुसार सम्वन्धित कर्मचारी, गै.स.स तथा विषय विज्ञ र अन्य नगर कार्यपालिका सदस्य र नगर सभा सदस्य (हरिबहादुर अधिकारी- आमन्त्रित) |
| ५ | भौतिक पूर्वाधार तथा संरचना विकास समिति | यस अघि गठन भई पूर्णता पाएको समितिलाई नै निरन्तरता दिने।<br>संयोजक: गोविन्द चिलुवाल<br>सदस्य: विन्दु वि.क.<br>सदस्य: दिलमाया गुरुङ<br>सदस्य सचिव: प्राविधिक शाखा प्रमुख, इन्जिनियर | आवश्यकतानुसार सम्वन्धित कर्मचारी, गै.स.स तथा विषय विज्ञ र अन्य नगर कार्यपालिका सदस्य र नगर सभा सदस्य, योजना शाखा प्रमुख |

७.२. अनुगमन तथा सुपरीवेक्षण समिति:

| क्र.सं. | विषयगत समिति | संयोजक/सदस्य/सदस्य सचिव | आमन्त्रित सदस्य/विज्ञ सदस्य |
|---|---|---|---|
| १ | अनुगमन तथा सुपरीवेक्षण समिति (नगरस्तरीय) | संयोजक: नगर उपप्रमुख पुष्पराज खनाल<br>सदस्य: गोबिन्द चिलवाल (नगर कार्यपालिका सदस्य)<br>सदस्य: डिलमाया गुरुङ (नगर कार्यपालिका सदस्य)<br>सदस्य: पूर्णबहादुर नेपाली, अधिकृतस्तर आठौं (प्र.प्र.अधिकृतबाट भएको अधिकार प्रत्यायोजन वमोजिम)<br>सदस्य: सदस्य सचिव: विनम्रता न्यौपाने, योजना शाखा प्रमुख | आवश्यकतानुसार नगर कार्यपालिकाका अन्य सदस्य, विषय विज्ञ तथा कर्मचारी, प्राविधिक सम्वन्धित आयोजनाको प्रमुख तथा प्रतिनिधि, प्राविधिक शाखाका प्रमुख वा सिनियर वरिष्ठ सव इन्जिनियर अनिवार्य विज्ञ सदस्य |

७.३. नगरस्तरीय अनुमगन तथा सुपरीवेक्षण समितिले वार्षिक अनुगमन योजना बनाइ आ.व. २०८०/८१ मा सन्चालन कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको निरन्तर अनुगमन सुपरीवेक्षण



CamScanner

गरी प्रतिवेदन दिने निर्णय भयो। ठेक्का प्रक्रियाबाट सन्चालन/कार्यान्वयन भएका र उपभोक्ता समितिबाट सन्चालन/कार्यान्वयन भएका निर्माणाधिन भौतिक पूर्वाधार तर्फका आयोजनाहरुको निर्माण कार्यको रनिङ विलको भुक्तानी लिनु भन्दा अगावै र उपभोक्ता समितिले किस्ता रकम माग गर्नु भन्दा अगाडि नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरीय अनुगमन तथा सुपरीपेक्षण समितिबाट अनिवार्य अनुगमन भए पछि मात्र नियमानुसार भुक्तानी दिने निर्णय भयो।

निर्णय नं. ८. जिल्ला समन्वय समितिको कार्यालय लमजुङको च.न.१२१२ को पत्रानुसारको महिला शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघको प्रस्ताव नं.१३२५ र १८२० को कार्यन्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्य योजना (आ.व.०७९/८०-२०८१/८२) को दफा १२ को उपदफा १२.५ बमोजिम यस राइनास नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको संयोजकत्वमा राइनास नगरपालिका स्थित निम्न बमोजिमका विभिन्न कार्यालय निकाय ,संघ/संस्था, सुरक्षा निकाय सन्जाल समुह र द्वन्दबाट प्रभावित(पिडित) आदि सबैको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमका १९ सदस्यीय पदाधिकारी रहने गरी राइनास नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गर्ने निर्णय भयो। साथै महिला शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व.०७९/८०-२०८१/८२) कार्यान्वयन गर्ने निकायहरु वीच समन्वय गरी कार्यान्वयन गर्ने समेत निर्णय भयो।

<u>देहायः</u>

| | |
|---|---|
| राइनास नगरपालिका नगर प्रमुख, श्री खड्ग बहादुर गुरुङ- | अध्यक्ष |
| राइनास नगरपालिका नगर उपप्रमुख, श्री पुष्पराज खनाल- | सदस्य |
| राइनास नगरपालिका सामाजिक विकास समितिका संयोजक, श्री वलराम पराजुली- | सदस्य |
| जिल्ला सरकारी वकिल कार्यालय लमजुङका न्यायाधिवक्ता (अधिकृत स्तर)- | सदस्य |
| प्रहरी चौकी तीनपिप्ले राइनासको प्रहरी निरीक्षक (इन्चार्ज)- | सदस्य |
| प्रहरी चौकी तीनपिप्ले राइनासको महिला, बालवालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका इन्चार्ज - | सदस्य |
| राइनास नगरपालिका स्थित द्वन्द प्रभावित (शहिद परिवार)बाट- गोविन्द रिजाल- | सदस्य |
| राइनास नगरपालिका स्थित द्वन्द प्रभावित (वेपत्ता परिवार)- श्री जगत प्रसाद कंडेल- | सदस्य |
| जिल्ला प्रशासन कार्यालय लमजुङका प्रशासकीय अधिकृत- | सदस्य |
| राइनास नगरपालिका, नगर कार्यपालिका महिला सदस्य, चन्द्रवत्ती पन्थी- | सदस्य |
| राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा अधिकृतस्तरको कर्मचारी- | सदस्य |

राइनास नगरपालिका, वडा नं. ७ स्थित नवकीरण युवा क्लबका अध्यक्ष, किरण श्रेष्ठ- सदस्य

राइनास नगरपालिका क्षेत्रमा कार्यरत मानव अधिकारसँग सम्बन्धित गैर सरकारी संस्था/ सामाजिक संघ संस्थाका अध्यक्ष वा प्रतिनिधि- सदस्य

राइनास नगरपालिका स्वास्थ्य शाखा प्रमुख- सदस्य

रा.न.पा. अन्तर्गत सहोदर अस्पतालका मेडिकल सुपरिटेन्डेन वा मेडिकल अधिकृत- सदस्य

रा.न.पा. रेडक्रस सोसाइटी शाखा/उप-शाखाका अध्यक्ष वा प्रतिनिधि- सदस्य

राइनास नगरपालिका गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमका शाखा प्रमुख सदस्य

राइनास नगरपालिका महिला सन्जालका प्रतिनिधि, नरमाया देवकोटा (रा.न.पा ४)- सदस्य

राइनास नगरपालिका महिला, वालबालिका, जेष्ठ नागरिक, समाज कल्याण तथा समावेशी शाखा प्रमुख सदस्य सचिव

निर्णय नं. ९. राइनास नगरपालिका अन्तरगतका १० वटै वडाका चालु प्रशासनिक खर्च वजेट विनियोजन गर्ने सम्बन्धमा छलफल हुँदा आ.व. ०८०/८१ को नगर सभाबाट स्वीकृत वजेट हेरी वडासँग छलफल गरी आगामी वैठकमा विनियोजन गर्ने निर्णय भयो।

निर्णय नं. १०. राइनास नगरपालिका, नगर कार्यापालिकाको कार्यालय र तपसिल बमोजिमका निर्माण व्यवसायीहरु विच तपसिल बमोजिम सम्झौता भएका राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आ.व. ०७८/०७९ र आ. व. ०७९/८० मा सम्झौता र कार्यदिश भएका तपसिल बमोजिमका ५ वटा निर्माणाधिन आयोजनाहरुको आ.व. ०७८/०७९ र आ.व. ०७९/८० मा निर्माण व्यवसायीले तपसिल बमोजिमको मितिमा म्याद थपको लागि उचित र पर्याप्त कारण र सो को पुष्टयाई सहित नियमानुसार निर्धारित समय भित्रै म्याद थपको लागि दिएको निवेदन सम्बन्धमा प्राविधिकबाट तपसिल बमोजिमका आयोजनाहरुको स्थलगत अनुगमन गरी प्राविधिकबाट प्राप्त ठोस, उचित र पर्याप्त प्राविधिक पुष्टयाई सहितको राय, सिफारिस सहितको टिप्पणी सहित तपसिल बमोजिमका आयोजनाहरुको लागि आ.व. ०७८/०७९, आ.व. ०७९/८० र आ.व. ०८०/८१ सम्मको भौतिक कार्य प्रगति प्रतिशत, आ.व. ०८०/८१ मा तपसिल बमोजिमका आयोजनाहरुको लागि स्रोत सुनिश्चितता सहित वजेट तथा कार्यक्रम समावेश भए नभएको यकिन गरी सार्वजनिक खरिद ऐन (संशोधन सहित), २०६३ को दफा ५६ र ५९ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिमका प्रावधानहरु अध्ययन गरी यस अघि तपसिल बमोजिमका आयोजनाहरुको म्याद थप सम्बन्धमा नियमानुसार निर्धारित समयावधि भित्र म्याद थपको लागि नगर कार्यपालिकाको कार्यालयबाट निर्णयको लागि राय सिफारिस सहित नगर कार्यपालिकाको वैठकमा म्याद थपको निर्णयको लागि प्रस्ताव पेश गर्नु पर्ने निर्णय समेत भए नभएको यकिन गरी आगामी नगर कार्यपालिकाको वैठकबाट विस्तृत छलफल गरी म्याद थप गर्ने निर्णय भयो।

| क्र.सं. | निर्माणाधिन आयोजनाको नाम र ठेगाना | ठेक्का नं. | आयोजनाको निर्माण कार्य गर्ने निर्माण व्यवसायी | सम्झौता मिति | कार्य सम्पादन हुनुपर्ने अवधि | म्याद थपको लागि निर्माण व्यवसायीले दिएको निवेदन मिति |
|---|---|---|---|---|---|---|
| १. | राइनास न.पा. वडा नं. ३ को स्वास्थ्य चौकी भवन निर्माण आयोजना | RAINAS/NCB/W/04/079/80 | भक्ति निर्माण सेवा राइनास-३, लमजुङ | २०७९/०९/११ | २०८०/०३/१५ | २०८०/०३/०५ |
| २ | बोराङखोला मसार भंगेरी काप्रेचौर कत्रेनिडाँडा लामागाउँ प्यारजुङ भन्ज्याङ रिङरोड निर्माण आयोजना रा.न.पा. १ र १० | RAINAS/NCB/W/06/079/80 | सुन्दर निर्माण सेवा देउराली-४, कास्की | २०७९/०९/२८ | २०८०/०३/१५ | २०८०/०२/२९ |
| ३. | ल्याण्डफिल्ड पार्क निर्माण आयोजना राइनास न.पा. ४ | RAINAS/NCB/W/16/079/80 | राइनास कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. बानेश्वर, काठमाडौं | २०७९/१२/११ | २०८०/०३/१५ | २०८०/०३/०५ |
| ४. | बगरगाउँ उपल्लो खेत टुडा बगर ठुलो बगैंचा पाँडेवेसी जुडिखेत सडक निर्माण आयोजना रा.न.पा. ७ | RAINAS/NCB/W/03/079/80 | पाख्रीन निर्माण सेवा, ककनी-६, नुवाकोट | २०७९/०९/०८ | २०८०/०३/१५ | २०८०/०३/०३ |
| ५. | १५ शैयाको आधारभुत अस्पताल निर्माण आयोजना रा.न.पा. ७ | RAINAS/NCB/W/02/077/78 | ए.एम. पाइनस जे.भि. ग्वार्को, रिङरोड, ललितपुर | २०७८/०३/१३ | २०७९/०९/०१ | २०७९/०८/११ |

निर्णय नं. ११. राइनास नगरपालिकाको नगरसभाको १२ औं अधिवेशन बैठकबाट स्वीकृत आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्रोत सुनिश्चितता भएका नगरस्तरीय, वडास्तरीय, अन्य कार्यक्रमस्तरीय र भौतिक पूर्वाधारतर्फका बढीमा रु. १२ लाख सम्म बजेट विनियोजन भएका (लागत सहभागिता समेत) र उपभोक्ता समितिबाट सन्चालन/कार्यान्वयन हुन सक्ने आयोजनाहरुको मात्र उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने र रु. १२ लाख भन्दा बढी बजेट विनियोजन भएका आयोजनाहरुको अनिवार्य रुपमा सिलबन्दी बोलपत्र र सिलबन्दी दरभाउ पत्र विधिबाट खरिद कार्य गर्ने गराउने निर्णय भयो।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालय, जिल्ला समन्वय समिति र नेपाल सरकारका र प्रदेश सरकारका निकायहरु र अन्य निकायका कार्यक्रमहरुमा समय समयमा जानुपर्ने/ नेपाल नगरपालिका संघ (MUAN) संघ, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरुका कार्यक्रम सहभागी हुन विभिन्न स्थानमा जानपर्ने नगरपालिकाका कर्मचारी जनशक्ति (रिक्त दरबन्दीका) व्यवस्थापन सम्वन्धित निकायमा जानुपर्ने काममा न.पा. सँग सरोकार भएका विभिन्न कार्यक्रम र आयोजनाहरुको विवाद समाधान समन्वय सहजीकरण गर्ने कार्यमा विभिन्न ठाँउमा जानुपर्ने काममा सवारी इन्धन प्रयोग हुने। |
| २. | नगर उपप्रमुख | ग. १ झ. २८४ | | १३० (सबै महिना) | स्वीकृत वार्षिक वजेटको परिधि र मर्मत संम्भार लागत अनुमान अनुसार | राइनास नगरपालिका क्षेत्रभित्र विभिन्न कार्यक्रम तर्फका र आयोजना तथा कार्यक्रमहरुको स्तलगत अनुगमन, निरिक्षण, सुपेरिक्षण गर्ने, वडा स्तरिय आयोजना तथा कार्यक्रमहरुको अनुगमन निरिक्षण र सुपेरिभेक्षण गर्ने कार्यमा विभिन्न र न्यायिक समितिको विवाद निरुपन गर्ने कार्यमा निरन्तर रुपमा नगरपालिकाका विभिन्न ठाँउमा जानपर्ने, न.पा. क्षेत्र भित्रका विभिन्न विभिन्न निकाय निकाय, कार्यालय संघ संस्थाको कार्यक्रममा सहभागिता हुन जान्पर्ने, नेपाल सरकार, प्रदेश सरकार सँग नगरपालिकाको विकास निर्माण लगायत योजना माग जस्ता कार्यक्रममा र अन्य निरन्तर कार्यक्रममा जानुपर्ने, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र नेपाल सरकारका र प्रदेश सरकारका निकायहरु र अन्य निकायका कार्यक्रमहरुमा समय समयमा जानुपर्ने/ नेपाल नगरपालिका संघ (MUAN) संघ, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरुका कार्यक्रम सहभागी हुन विभिन्न स्थानमा जानपर्ने नगरपालिकाका कर्मचारी जनशक्ति (रिक्त दरवन्दीका) व्यवस्थापन सम्वन्धित निकायमा जानुपर्ने काममा न.पा. सँग सरोकार भएका विभिन्न कार्यक्रम र आयोजनाहरुको विवाद समाधान समन्वय सहजीकरण गर्ने कार्यमा विभिन्न ठाँउमा जानुपर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | काममा सवारी इन्धन प्रयोग हुने। | |
| ३. | वडा अध्यक्ष | | | २० (सबै महिना) | स्वीकृत वार्षिक वजेटको परिधि र मर्मत संम्भार लागत अनुमान अनुसार | नेपाल सरकार, प्रदेश सरकारबाट र अन्य निकायबाट वडामा सन्चालन/कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको अनुगमन निरीक्षण कार्यमा विभिन्न ठाउँमा जानुपर्ने, वडास्तरीय आयोजना तथा कार्यक्रम र नगरस्तरीय आयोजना तथा कार्यक्रमहरुको अनुगमन निरीक्षण कार्यमा वडामा हुने वडासँग सरोकार भएका विषयहरुको विवाद समाधान कार्य, नगरपालिकाको नियमित वैठकमा र आकस्मिक वैठकमा उपस्थिति एवं सहभागी हुने कार्यमा नगरपालिका अन्तरगतका विभिन्न विषयगत समितिहरुको वैठकमा उपस्थत एवं सहभागी हुने कार्य, विभिन्न तालिम गोष्ठी अभिमुखिकरण कार्यक्रममा सहभागी हुन जानुपर्ने कार्य, वडाको विपद् व्यवस्थापन, नगरस्तरीय वडास्तरीय उपभोक्ता समिति गठन कार्यमा सहभांगी हुने कार्यमा वडामा विभिन्न निकाय, संघ संस्थाबाट सन्चालन हुने कार्यक्रममा सहभागी हुने कार्यमा वडाको विपद् व्यवस्थापन जान आउन सवारी साधन इन्धन प्रयोग हुने भएको। | |
| ४. | कार्यालयको गाडी | ग. १ झ. ३५७ | | १५० (सबै महिना) | २०००० वार्षिक | राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सन्चालित विभिन्न कार्यक्रम तर्फका आयोजना तथा कार्यक्रमको नगरस्तरिय, वडा स्तरिय आयोजना तथा कार्यक्रमहरुको निरन्तर अनुगमन, निरिक्षण, सुपेरिभेक्षण गर्ने काममा, रा.न.पा क्षेत्रभित्रका विभिन्न निकायबाट सन्चालित आयोजना तथा कार्यक्रमको अनुगमन गरी सिफारिस गर्ने कार्यमा विभिन्न वडामा जान, वडाको कार्यसंन्चालन व्यपस्थापन र सेवा प्रभाह जस्ता विषयमा अनुगमन गर्ने, न.पा. क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन निरिक्षण गर्ने, नगरपालिकाभित्र संन्चालन हुने विभिन्न कार्यक्रमहरुमा अतिथ्यता सहभागी हुन जान, नगरपालिकाको कार्यालयको विभिन्न काममा जिल्ला प्रशासन कार्यालय, को.ले.नि.का. जिल्ला समन्वय समिति लगायत जिल्लाका अन्य निकायहरुमा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रम सहभागी हुन जान; नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुको स्वीकृत कार्यक्रम अनुसारको सामान खरिद दुवानी, वितरण, पूजीगत सामान खरिद तथा वितरण, अत्यावश्यक औषधी दुवानी, वडाका विभिन्न कार्यक्रम र वडामा सामान पुर्याउन, प्रविधिकहरुको विभिन्न सामान ओसार पोसार गर्न, समय समयमा वडा अध्यक्षज्यूहरु नगर कार्यापालिका सदस्यज्यूहरुलाई विभिन्न काममा र वैठकमा ढिला भएमा सवारी साधन नभएको खण्डमा पुर्याउन, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा नगर प्रमुखज्यूको निर्देशन बमोजिम १० वटै वडामा टोल टोलमा सामाजिक सुरक्षा भत्ता वितरणमा पुन्याउन र बाँड्ने कार्यमा नेपाल सरकार, प्रदेश सरकार र अन्य निकायबाट आमन्त्रण हुदाँका वखत विभिन्न कार्यक्रममा जान, नगरपालिकाको सेक्सामेटर डोजरको लागि इन्धन लिन (तुरतुरे सम्म) नगरपालिकाका कार्यक्रममा पाल्नेहुने विशिष्ठ व्यक्तित्वज्यूहरुलाई विभिन्न ठाँउमा ल्याउन पुर्याउन, महिला वालवालिका तथा ज्येष्ठ नागरिक समाज कल्याण तथा समावेशी शाखाको विभिन्न कार्यक्रमहरुको लागि र विविध सरकारी काममा सवारी इन्धन प्रयोग हुने। | |
| ५. | इन्जिनियर | | १५ | २५ | २०००० बार्षिक | राइनास नगरपालिकामा १ जना मात्र इन्जिनियरको दरवन्दी रहेको/ नगरपालिकामा सन्चालन/कार्यान्वयन हुने विभिन्न कार्यक्रमतर्फ आयोजना तथा कार्यक्रमको काममा, नेपाल सरकार प्रदेश सरकार र अन्य विभिन्न निकायबाट प्राप्त अनुदानतर्फका कार्यक्रम अन्तरगतका आयोजनाहरुको नगरस्तरीय वडास्तरीय आयोजनाहरुको डि.पि.आर., सर्भे लागत अनुमान, निरन्तर स्थलगत प्राविधिक अनुगमन सुपर्यविक्षण, प्राविधिक नापजाँच चेकजाँच गुणस्तर कायम गर्ने कार्यमा, प्राविधिक मूल्याङ्कन गर्ने कार्यमा सबै आयोजनाहरुमा निरन्तर जानुपर्ने, नगरपालिकाको एक्साभेटर प्रयोग भई मर्मत सम्भार भएका सबै | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | वडाका सबै सडकहरुको विभिन्न ठाउँमा प्राविधिक लागत अनुमानदेखि प्राविधिक नापजाँच मूल्याङ्कनमा जानुपर्ने, नगरस्तरीय र वडास्तरीय टुक्रे आयोजना संख्या अत्याधिक धेरै भएको कारण १० वटै वडाका सबै आयोजनाहरुमा प्राविधिक सर्भे, लागत अनुमान, नापजाँच मूल्याङ्कनमा जानुपर्ने, अन्य निकायहरु (संघीय सरकार, प्रदेश सरकार अन्तरगतका निकायहरु/ कार्यालयहरु, संघ संस्था आदिबाट) लागत अनुमान तयार गरी सिफारिससाथ पठाउनु भनी माग भएका आयोजनाहरुको लागत अनुमान तयार गर्न जानुपर्ने, घर नक्शा पास सम्बन्धी कार्यको स्थलगत अनुगमन निरीक्षण सम्बन्धी काममा निरन्तर जानुपर्ने, जनता आवास कार्यक्रमको प्राविधिक मूल्याङ्कन कार्यमा प्रगति बनाउनु पर्ने, विपद् व्यवस्थापनमा जानुपर्ने लगायतका अन्य विविध प्राविधिक कार्यमा जानुपर्ने कारण सवारी इन्धन आवश्यक। | |
| ६. | सब इन्जिनियर | | १२ | २३ | २०००० वार्षिक | राइनास नगरपालिकामा सन्चालन/कार्यान्वयन हुने विभिन्न कार्यक्रमतर्फ आयोजना तथा कार्यक्रमको काममा, नेपाल सरकार प्रदेश सरकार र अन्य विभिन्न निकायबाट प्राप्त अनुदानतर्फका कार्यक्रम अन्तरगतका आयोजनाहरुको नगरस्तरीय वडास्तरीय आयोजनाहरुको डि.पि.आर., सर्भे लागत अनुमान, निरन्तर स्थलगत प्राविधिक अनुगमन सुपर्यवेक्षण, प्राविधिक नापजाँच .चेकजाँच गुणस्तर कायम गर्ने कार्यमा, प्राविधिक मूल्याङ्कन गर्ने कार्यमा सबै आयोजनाहरुमा निरन्तर जानुपर्ने, नगरपालिकाको एक्साभेटर प्रयोग भई मर्मत सम्भार भएका सबै वडाका सबै सडकहरुको विभिन्न ठाउँमा प्राविधिक लागत अनुमानदेखि प्राविधिक नापजाँच मूल्याङ्कनमा जानुपर्ने, नगरस्तरीय र वडास्तरीय टुक्रे आयोजना संख्या अत्याधिक धेरै भएको कारण १० वटै वडाका सबै आयोजनाहरुमा प्राविधिक सर्भे, लागत अनुमान, नापजाँच मूल्याङ्कनमा जानुपर्ने, अन्य निकायहरु (संघीय सरकार, प्रदेश सरकार अन्तरगतका निकायहरु/ कार्यालयहरु, संघ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जानुपर्ने लगायतका अन्य विविध प्राविधिक कार्यमा जानुपर्ने कारण सवारी इन्धन आवश्यक। | |
| ८. | प्रा.स. रोजगार/ संयोजक | | १२ | १५ | २०००० वार्षिक | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वेरोजगार व्यक्तिहरुको लागत सङ्कलन, आयोजना छनोट, आयोजना सन्चालन कार्यान्वयन, फिल्ड निरीक्षण, आयोजनाको सर्भे, लागत अनुमान, प्राविधिक नापजाँच मूल्याङ्कन, स्थलगत प्राविधिक अनुगमन निरीक्षण, साथै प्राविधिक सहायकलाई नगरस्तरीय वडास्तरीय आयोजनाहरुको डि.पि.आर. सर्भे लगायत प्राविधिक अनुगमन सपरीवेक्षण कार्यमा खटाउनुपर्ने कार्य सवारी इन्धन आवश्यक भएको | |
| ९. | प्रशासन शाखा | | १० | १० | २०००० वार्षिक | वडाबाट सम्पादन हुने कामको नियमित अनुगमन निरीक्षण, वडाको जिन्सी, निरीक्षण, राजश्व सङ्कलन, सेवा प्रवाह आदिजस्ता कामको अनुगमन, निरीक्षण, नगर कार्यपालिकाको कार्यालयबाट प्रतिनिधि भई जानुपर्ने कार्यमा विपद् व्यवस्थापन कार्यमा नगर कार्यपालिकाको कार्यालयबाट अन्य सरकारी काममा खटाएको ठाउँमा जानुपर्ने काममा सवारी इन्धन आवश्यक हुने भएको। | |
| १०. | लेखा शाखा | | १० | १५ | २०००० वार्षिक | आवश्यकता अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयमा निकासाको लागि जानुपर्ने, कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा आदेश, भुक्तानी आदेश लगायत अन्य काममा जानुपर्ने, लेखाका कर्मचारीहरुको वैठकमा जानुपर्ने, समय समयमा वडामा र आयोजना तथा कार्यक्रमहरुको अनुगमनमा जानुपर्ने स्पष्ट नभएका र लेखा सम्बन्धी विषयमा जरुरी आवश्यक जानकारी निर्देशन लिन को.ले.नि.का मा जानुपर्ने लगायत लेखा शाखासँग सम्बन्धित अन्य जरुरी सरकारी कामको सिलसिलामा विभिन्न ठाउँमा जानुपर्ने कारण सवारी इन्धन आवश्यक हुने भएको। | |
| ११. | योजना शाखा | | १० | १५ | २०००० वार्षिक | नगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न कार्यक्रमतर्फका आयोजना | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तथा कार्यक्रमहरु, वडास्तरीय, नगरस्तरीय आयोजना तथा कार्यक्रमहरुको स्थलगत- अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यमा निरन्तर जानुपर्ने, उपभोक्ता समिति गठन, सार्वजनिक परीक्षण जस्ता कार्यक्रममा सहजीकरण गर्न जानुपर्ने विपद् व्यवस्थापन सम्बन्धी कार्यमा जानुपर्ने कारण सवारी इन्धन आवश्यक हुने भएको। | |
| १२. | वडा सचिव | | १० | १० | २०००० वार्षिक | उपभोक्ता समितिबाट सन्चालन/कार्यान्वयन हुने वडास्तरीय/नगरस्तरीय आयोजनाहरुको आम उपभोक्ता भेलाबाट उपभोक्ता समिति गठन गर्न वडाको सम्बन्धित टोल स्थानमा नै जानुपर्ने, वडास्तरीय र नगरस्तरीय आयोजनाहरुको र अन्य कार्यक्रमतर्फका आयोजनाहरुको सर्भे, डि.पि.आर. कार्यमा प्राविधिकलाई सहजीकरण गर्न वडाको विभिन्न ठाउँमा जानुपर्ने, वडामा सन्चालन/कार्यान्वयन भएका विभिन्न कार्यक्रमतर्फका आयोजना तथा कार्यक्रमहरुको नगरस्तरीय र वडास्तरीय कार्यक्रमहरुको स्थलगत अनुगमन निरीक्षण कार्यमा निरन्तर जानुपर्ने, वडाको राजश्व कार सङ्कलन गरी समयमा दाखिला गर्न कर्मचारीहरुको बैठकमा नगरपालिकामा आउन वडाको सरोकारसँग सम्बन्धित विभिन्न विवाद समाधानमा वडाका विभिन्न ठाउँमा जानुपर्ने काममा सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा सहजीकरण गर्न वडाको विभिन्न ठाउँमा टोल टोलमा जान, वडाको विपद् व्यवस्थापन लगायत अन्य सामाजिक अभियानमा (जस्तै L.F.I.G.) काममा वडाको अन्य सरकारी कामका लागि सवारी इन्धन आवश्यक हुने भएकोले। | |
| १३. | जिन्सी/ सु.च.अ. | | १५ | १५ | २०००० वार्षिक | नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा आवश्यक जिन्सी सामानहरुको व्यवस्थापनका लागि विभिन्न ठाउँमा जानुपर्ने हरेक वडामा जानुपर्ने, नगरपालिका क्षेत्रभित्रका सोलार बत्तीको जडान मर्मतसम्भारका लागि विभिन्न ठाउँमा जानुपर्ने, हरेक वडामा र कार्यालयमा इमेल इन्टरनेट अवरुद्ध भएमा सो को चेक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तीव्र गरी सुधार गर्न नगरपालिका क्षेत्रका विभिन्न टाउँमा जानुपर्ने, नगरपालिकामा सार्वजनिक चल अचल सम्पत्तिको संरक्षणका लागि वडाका विभिन्न टाउँमा जानुपर्ने वार्षिक जिन्सी निरीक्षण कार्यका लागि वडा वडामा र विभिन्न टाउँमा जानुपर्ने, सूचना प्रविधिसँग सम्बन्धित यन्त्र, उपकरण र आवश्यक सञ्चारका साधनका लागि सम्बन्धित निकायमा जानुपर्ने, विपद व्यवस्थापन लगायत कार्यालयको अन्य आकस्मिक भैपरी आउने सरकारी काममा जुनसुकै समयमा जिन्सी सामान आपूर्ति व्यवस्थापन गर्नुपर्ने कार्यका लागि सवारी इन्धन आवश्यक हुने भएको | |
| १४. | अमिन | | १० | १५ | २०००० वार्षिक | घर नक्सा पास सम्बन्धी कार्यमा सहजीकरण गर्न निरन्तर फिल्ड जानुपर्ने। न.पा. क्षेत्र भित्रका सेवाग्राहीहरुबाट जग्गा जमिन खरिद बिक्री सम्बन्धमा अमिन सेवा माग भएमा तत्काल फिल्डमा गई काम गर्नुपर्ने, भू सेवा सम्बन्धी सेवा ग्राहीको दैनिक फिल्डको काम गर्नुपर्ने, जग्गा नापी गर्ने भुमिहिन सुकुम्बासीहरुको लागत संकलन, सार्वजनिक जग्गा नापी गर्ने भुमी आयोगको कार्यमा सहजीकरण गर्ने लगायतका जग्गा व्यवस्थापन सम्बन्धी नापजाँच कार्यमा निरन्तर फिल्डमा गइरहनुपर्ने भएकाले सवारी इन्धन आवश्यक भएको। | |
| १५. | कृषि शाखा/ प्रमुख अन्य | | १० | १२ | २०००० वार्षिक | स्वीकृत वार्षिक कार्यक्रम अनुसारका विभिन्न कार्यक्रमहरुमा नियमित रुपमा कोदोमा अनुदान सम्बन्धी कार्यक्रममा फल्ड अनुगमन, धानको बिउ वितरण र उन्नत बीउ उपयोग सम्बन्धी कामको फिल्ड अनुगमन, तरकारी र मौरीको पकेट विकास कार्यक्रममा फिल्ड भेरिफिकेशन र अनुगमन कार्यमा, किसानको माग बमोजिम माटो परिक्षण, विषादी परिक्षण, रोग किरा नियन्त्रण र औषधीको सिफारिस, विभिन्न तालिम तथा गोष्ठी संचालन तथा सहभागी हुने काममा, सहकारी संस्थाहरुको अनुगमन निरिक्षण गर्ने काममा र सहकारी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | संस्थाबाट वितरण हुने रसायनिक मलको अनुगमन कार्यमा, कृषि हाट वजार र कृषि संङ्कलन केन्द्रहरुको व्यवस्थापन र संन्चालन कार्यमा सहजीकरण गर्ने काममा, किसान सूचीकरण गर्ने कार्यमा खटिएका गणकहरुको कामको अनुगमन सुपेरिभेक्षण, कृषि पशुपंक्षी तथ्याङ्क अद्यावधिक गर्ने, फिल्ड अनुगमन गर्ने काममा र न.पा.क्षेत्रमा कृषकहरुलाई उनीहरुको माग बमोजिम समय समयमा प्राविधिक कृषि सल्लाह सुझाव दिने कार्यमा सवारी इन्धन आवश्यक हुने। | |
| १६. | पशु सेवा शाखा/प्रमुख अन्य | | १० | १२ | २०००० बार्षिक | पशुपक्षी उपचारको लागि, AI गर्न, खसी पार्ने, बाख्रा पकेट विकासको फिल्ड भेरीफिकेशन र अनुगमन, च्याफ कटर, कौउ म्याट लगायत सामाग्री वितरण, दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमको अनुगमन, नगर प्रमुख उद्यमशीलता कार्यक्रमको निरन्तर फिल्ड अनुगमन, पशुपक्षी सम्बन्धी विभिन्न दिवस सन्चालन कार्यक्रम व्यवस्थापन गर्दा भ्रमण गर्ने, घाँसको बिउ वितरण गर्न, पुर्ण खोप लगाउन, नगर प्रमुखबाट उत्कृष्ठ कृषक सम्मान कार्यक्रमको फिल्ड अनुगमन, पशुपक्षीमा लम्की स्किन, खोरेत, अफ्रिकन सोवन फिवर जस्ता तत्काल आउने आकस्मिक महामारी नियन्त्रण कार्यमा फिल्डमा जान। | |
| १७. | शिक्षा शाखा | | १० | १० | २०००० बार्षिक | न.पा.क्षेत्रका विद्यालयहरुको नियमित अनुगमन, निरिक्षण कार्यमा, विद्यालय व्यवस्थापन समिति गठन, विद्यालय अभिभावक संघ गठन सम्बन्धी कार्यमा, स्वीकृत बार्षिक कार्यक्रम बमोजिमका विभिन्न तालिमहरु संन्चालन, शैक्षिक मेला संन्चालन र व्यवस्थापन सम्बन्धी नगरपालिका स्तरिय र जिल्ला स्तरिय राष्टपति रनिङशिल्ड संन्चालन तथा व्यवस्थापन कार्यमा, CFLG सम्बन्धी सामाजिक अभियानको कार्यमा वडा वडाका विद्यालयमा जानुपर्ने काम, न.पा.बाट सन्चालित विभिन्न आयोजना तथा कार्यक्रमको अनुगमन निरिक्षण सम्बन्धी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यमा(अधिकार प्रत्यायोजन बमोजिम) र न.पा.क्षेत्रभित्रका अन्य शैक्षिक संस्थाहरुको अनुगमन निरिक्षण, युवा क्लव गठन तथा नमुना संसद | |
| १८. | स्वास्थ्य शाखा | | १० | १० | २०००० वार्षिक | नगरपालिका क्षेत्रभित्रका विभिन्न वडामा रहेका शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्रहरु, स्वास्थ्य चौकीहरुको नियमित अनुगमन, निरिक्षण, विभिन्न खोप कार्यक्रमहरु, खोप किल्निक र गाँउघर किल्निक सन्चालन व्यवस्थापन अनुगमन निरिक्षण, स्वास्थ्य सम्बन्धी विभिन्न बैठक, गोष्ठी, तालिम, अभिमुखिकरण कार्यक्रममा सहभागी हुन, जेष्ठ नागरिक घर दैलो सेवा कार्यक्रम, विभिन्न स्वास्थ्य सम्बन्धी दिवस, अभियानमा सहभागी हुन, स्वास्थ्य संस्थाहरुमा औषधी वितरण कार्यक्रम र सोको अनुगमन, जनस्वास्थ्य सम्बन्धी अभियान मूलक र सचेतना मूलक कार्यक्रममा सहभागी हुन, विभिन्न महामारी रोगहरु, सर्ने तथा नसर्ने रोगहरुको वारेमा सचेतनामूलक कार्यक्रममा जानुपर्ने, सामाजिक अभियानमूलक C.F.L.G कार्यक्रमको लागि विभिन्न वडामा जानुपर्ने लगायतका सरकारी काममा सवारी इन्धन आवश्यक हुने भएको। | |
| १९. | पन्जिकरण | | १० | १० | २०००० वार्षिक | सामाजिक सुरक्षा भत्ता वितरण कार्यको लागि वैङ्कसंग समन्वय गरि वडागत रुपमा भत्ता वितरण कार्यलाई सहजिकरण गर्न, नयाँ सचिव आइ नयाँ वडामा काज गर्दा उक्त वडाको लागि Id र सचिव सर/मिसलाई MIS SYSTEMको वारेमा जानकारी गराउन तथा पशिक्षणको लागि वडा कार्यालयमा जानु पर्ने, सामाजिक सुरक्षा भत्ता रकमको माग तथा निरन्तर पेश्की फछ्यौट गरि राष्ट्रिय वाणिज्य वैङ्कमा रकम दाखिला गर्नको लागि वेशिसहर जानु पर्ने, MIS सम्बन्धी त्रुटी आएर ANYDESK मार्फत समाधान नभएमा वडामा जानुपर्ने र अन्य कार्यक्रम जस्तै दर्ता शिविर, व्यक्तिगत घटना दर्ता शिविर भएको, समय समयमा वडा कार्यालयहरुमा जानुपर्ने काममा सवारी इन्धन खर्च | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | हुने भएको। | |
| २०. | गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) | | १० | १० | | नियमित रुपमा कार्यक्रम छनोट र संचालन भएका सामाजिक परिचालान, घरधुरी सर्वेक्षण, स्रोत उद्यमशिलता तालिम सन्चालन, सीप विकास तालिम व्यवस्थापन प्रविधि हस्तान्तरण सन्चालन र सोको समूहमा वीउपुंजी अनुदान प्रयोगको अनुगमन कार्यक्रमको फिल्ड अनुगमन लगायतका अन्य सरकारी काममा सवारी इन्धन खर्च हुने भएको। | |
| २१. | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण तथा समावेशी शाखा | | १० | १० | | फिल्डमा नियमित रुपमा वार्षिक कार्यक्रमहरु सन्चालन गर्न, वडा वडामा जानुपर्ने, सामाजिक अभियानमूलक वालमैत्री स्थानिय शासन कार्यक्रम (C.F.L.G) कार्यान्वयन सन्चालन, व्यवस्थापनको लागि सबै वडामा विभिन्न टोल वस्तीमा विभिन्न चरणहरुमा नियमित रुपमा जानुपर्ने, महिला बालबालिका जेष्ठ नागरिक सम्वन्धी विभिन्न दिवस र सामाजिक अभियानमूलक कार्यक्रममा जान, लैङ्गिक हिंसा, घरेलु हिंसा आदि कार्यक्रममा सहभागी हुन, जेष्ठ नागरिक परिचयपत्र, अपाङ्गता परिचय पत्र सम्बन्धी घर दैलोंमा भेरिफिकेशन गर्न जान, न्यायिक समितिको विवाद समाधान कार्यमा फिल्डमा जानुपर्ने, बाल क्लब, महिला सन्जाल गठन गर्ने, किशोर किशोरी सचेतनामूलक कार्यक्रम सन्चालन गर्ने लगायतका विविध सरकारी काममा सवारी इन्धन खर्च भएको। | |
| २२. | कार्यालयमा सवारी साधन कम भएको र सवारी साधन खरिद गर्ने वजेट पनि नभएको कारण कर्मचारीको निजी सवारी साधन नगरपालिकाको सरकारी काममा प्रयोग भएको/ गरिएको अवस्थामा मात्र माथि उल्लेखित भए बमोजिमको सवारी इन्धन र सरकारी काममा प्रयोग भएको कर्मचारीको निजि बाइकको लागि एकमुष्ठ वार्षिक रु. ५०००/- मर्मत तथा सर्भिसिङ खर्च उपलब्ध गराउने र सो भन्दा बढी खर्च भएमा कर्मचारीले नै व्यहोर्नुपर्नेछ। साथै सरकारी मोटरसाइकल सरकारी कामबाट फर्किए पछि अनिवार्य रुपमा कार्यालयमा राखु पर्ने छ। | | | | | | |



CamScanner

**निर्णय नं. १३.** राइनास नगरपालिका, नगर कार्यापालिकाको कार्यालयबाट मिति २०८०/०५/०७ गते, मिति २०८०/५/८ गते र मिति २०८०/०५/१४ प्रकाशित सार्वजनिक प्रकाशन शिलबन्दी बोलपत्र पेश गर्ने सम्वन्धी सार्वजनिक सुचना अनुसार मिति २०८०/६/७, मिति २०८०/६/८ र मिति २०८०/६/१४ गते खोली मुचुल्का समेत गरिएका तपशिल बमोजिमका आयोजनाहरु स्वीकृत लागत अनुमान अनुसार आ.व. ०८०/८१ को स्वीकृत वजेट तथा कार्यक्रममा नै समावेश नभएका र स्रोत सुनिश्चिता सहितको बार्षिक वजेटको व्यवस्थापन नै नभएका स्वीकृत लागत अनुमान वढी भई आ.व. २०८०/८१ को बार्षिक वजेट तथा कार्यक्रममा पुर्ण रुपमा स्रोत सुनिश्चितता नगरी अत्यन्त न्यून रुपमा स्रोत सुनिश्चितता र अत्यन्त न्यून वजेट भएका र हालसम्म जग्गाको व्यवस्थापन हुन नसकेको, स्वीकृत लागत अनुमान वढी भई आ.व. २०८०/८१ को वार्षिक वजेट तथा कार्यक्रममा पूर्ण रुपमा स्रोत सुनिश्चितता र पुग्ने वजेट व्यवस्था नभएका, लागत अनुमान वढी भएको न.पा.को ५०% लागत साझेदारीमा सन्चालन/कार्यन्वयन हुने संघीय सरकार समपुरक अनुदान तर्फका आयोजना र लागत अनुमान अत्यन्त वढी भएका, स्रोत सुनिश्चितता सहितको स्वीकृत वजेट अत्यन्त न्यून भएका, समय सिमा वढीमा ३ वर्ष (आ.व. २०८०/८१-०८२/८३) सम्म मात्र भएका संघीय सरकार विशेष अनुदान तर्फका तपशिलको विवरण अनुसारका ५ वटा आयोजनाहरुको स्रोत सुनिश्चितात र वजेटको सुनिश्चतता नभएको सम्वन्धमा आजको मितिवाट वढीमा १ महिना सम्ममा स्रोत सुनिश्चितता र वजेटको व्यवस्था गर्न सम्वन्धित निकाय(राष्ट्रिय योजना आयोग, स्वास्थ्य तथा जनसंख्य तथा जनसंख्य मन्त्रालय) मा नगर प्रमुख, उपप्रमुख र आवश्यकतानुसारको नगर कार्यपालिका सदस्यहरु र प्रमुख प्रशासकीय अधिकृत समेत भई स्रोत सुनिश्चितता सहित वजेटको व्यवस्था नभएसम्म वा गर्न नसकेमा आगामी नगर कार्यपालिकाको वैठकवाट विस्तृत छलफल गरि माथि उल्लेख भए बमोजिम तपशिलमा उल्लेखित ५ वटा आयोजनाहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन प्रकृया अघि वढाउने नवढाउने सम्वन्धमा अन्तिम टुङ्गो लगाई नियमानुसार माथि उल्लेख भए बमोजिम तपशिलका आयोजनाहरुको आ.व.२०८०/८१ मा स्रोत सुनिश्चितता सहितको स्वीकृत वजेटको आधारमा मात्र पन शिलबन्दी वोलपत्र प्रकाशन गर्ने/साथै यस अघि प्रकाशित सार्वजनिक सुचना अनुसार खोली मुचुल्का गरिएका तपशिल वमोजिमका आयोजनाहरुको शिलबन्दी बोलपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन कार्य नगरी ठेक्का रद्द गर्ने तर्फ कार्यवाही प्रक्रिया अगाडी वढाउने गरी आगमी नगर कार्यपालिकाको वैठकमा छलफल गरि निर्णय गर्ने निर्णय गरियो।

<u>तपशिल:</u>

तपसिल

| क्र.सं. | शिलबन्दी बोलपत्रको प्रकाशित सूचना बमोजिमको ठेक्का नं. | शिलबन्दी बोलपत्र प्रकाशित भई मुचुल्का समेत भइसकेका तर मुल्याङ्कन नभएका आयोजनाको नाम | शिलबन्दी बोलपत्र प्रकाशित मिति | शिलबन्दी बोलपत्र खोलेको मिति | ठेक्काको सूचना निकाल्दाको स्वीकृत लागत अनुमान रु | स्रोत सुनिश्चितता सहित आ.व. ०८०/८१ मा विनियोजित बजेट | स्रोत सुनिश्चितता नभएका नपुग बजेट | अति न्यून स्रोत सुनिश्चितता भएका बजेटको व्यहोरिने स्रोत | आयोजना कार्यान्वयन समय र सक्नुपर्ने सिमा | अन्य थप कैफियत विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | RAINAS/NCB/W/01/080-081 | बगरगाँउ उपल्लोफाँट टुडाबगर ठूलो बगैचा घर्तीगाँउ जुडिखेत पाँडेबेसी सडक | २०८०/०५/०७ | २०८०/०६/०७ | ४०८५६८६६.०७ | ८०००००० | ३२८५६८६६.०७ | संघिय समपुरक अनुदान | आ.व. २०७९/८० र २०८०/८१ गरी जम्मा २ बर्ष | लागत अनुमान वढी भएको न.पा.को ५०% लागत साझेदारीमा सन्चालन/ कार्यन्वयन हुने संघीय सरकार समपुरक अनुदान तर्फको आयोजनामा नपुग स्रोत बजेट व्यवस्थापन हुन नसकेको। |
| २ | RAINAS/NCB/W/02/080-081 | वडा नं. १ को कार्यालय भवन निर्माण | २०८०/०५/०७ | २०८०/०६/०७ | १५७७६७४६.७३ | २५०००००० | १३२७६७४६.७३ | संघीय समानिकरण | बहुबर्षिय क्रमागत सालबसाली / के हो सुनिश्चित गर्नुपर्ने | स्वीकृत लागत अनुमान वढी भई आ.व. २०८०/८१ को बार्षिक वजेट तथा कार्यक्रममा पूर्ण रुपमा स्रोत सुनिश्चितता र पुग्ने वजेट व्यवस्था नभएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | RAINAS/NCB/W/03/080-081 | वडा नं. ६ को कार्यालय भवन निर्माण | २०८०/०५/०८ | २०८०/०६/०८ | १०३६९३०१.३ | २५००००० | ७८६९३०१.३० | संघीय समानिकरण | बहुवर्षिय क्रमागत/ सालबसाली के हो सुनिश्चित गर्नुपर्ने | स्वीकृत लागत अनुमान बढी भई आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रममा पुर्ण रुपमा स्रोत सुनिश्चितता नगरी अत्यन्त न्यून रुपमा स्रोत सुनिश्चितता र अत्यन्त न्यून बजेट भएका र हालसम्म जग्गाको व्यवस्थापन हुन नसकेको |
| ४ | RAINAS/NCB/W/04/080-081 | १५ शैया चक्रतिर्थ अस्पतालमा कम्पाउण्ड वाल गेट वेष्ट बर्नर क्यानटिन र सफाइ ब्लक निर्माण | २०८०/०५/०८ | २०८०/०६/०८ | ४५६१४३९१.३८ | ० | ४५६१४३९१.३८ | कुनै पनि निकायबाट स्रोतको व्यवस्था नै नभएको | - | स्वीकृत लागत अनुमान अनुसार आ.व. ०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रममा नै समावेश नभएका र स्रोत सुनिश्चिता सहितको वार्षिक बजेटको व्यवस्थापन नै नभएको |
| ५ | RAINAS/NCB/W/05/080-081 | शौभाग्योदय मा.वि. होस्टेल भवन निर्माण | २०८०/०५/१५ | २०८०/०६/१५ | ७४५०३५९६.९१ | ५०००००० | ६९५०३५९६.९१ | संघीय विशेष अनुदान | आ.व. २०८०/८१, २०८१/८२ र २०८२/८३ गरी बढीमा जम्मा ३ वर्ष | लागत अनुमान अत्यन्त बढी भएकोस्रोत सुनिश्चितता सहितको स्वीकृत बजेट अत्यन्त न्यून भएको |

निर्णय नं. १४. राइनास नगरपालिकाको आ.व. ०८०/८१ को नगर सभाको १२ औं अधिवेशनबाट स्वीकृत राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राइनास नगरपालिका सामाजिक विकास समिति र आर्थिक विकास समितिको निर्णय राइनास नगर कार्यपलिकाको कार्यालय खरिद इकाइबाट भएको निर्णय बमोजिम अत्यावश्यक सेवाको लागि तपसिलमा उल्लिखित औषधीहरु आवश्यक रीत प्रकिया पुऱ्याइ नगरपालिकाबाट स्वीकृत नर्म्स स्पेसिफिकेसन बमोजिम इ-विड प्रकियाबाट तपसिल बमोजिमको स्वीकृत बजेटको परिधिभित्र रही खरिद गर्न नगर कार्यपालिकाको कार्यालयलाई खरिद प्रकिया अगाडि बढाउन निर्देशन दिने निर्णय भयो।

तपसिलः

| क.सं. | विवरण | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| १४.१ | पशु सेवातर्फ अत्यावश्यक औषधी खरिद गर्ने | १,६०,०००/- | |
| १४.२ | स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने ९८ प्रकारका निशुल्क औषधी वितरण गर्ने प्रयोजनार्थ खरिद गर्नु पर्ने अत्यावश्यक औषधि खरिद | १०,००,०००/- | |

निर्णय नं. १५. आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. ०८०/८१ मा उपभोक्ता समितिबाट सन्चालन/कार्यान्वयन गर्ने/हुने भौतिक पूर्वाधारतर्फका आयोजनाहरुको उपभोक्ता समितिमा रहने (७ देखि ११ जना) पदाधिकारीहरुले आयोजना सन्चालन/कार्यान्वयनको लागि सम्झौता गर्नु पूर्व वा सम्झौताका बखत अनिवार्य रुपमा आ.व. ०८०/८१ को सम्पत्ति कर र विगत आ.व.को बाँकी बक्यौता सम्पत्ति कर बुझाएको रसिद राखुपर्ने निर्णय भयो। साथै उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएका आयोजनाको गुणस्तर र दीगोपनाको सुनिश्चितताको लागि उपभोक्ता समितिबाट सन्चालन/कार्यान्वयन हुने आयोजनाको ५% धरौटी रकम अन्तिम किस्ताबाट अनिवार्य कट्टी गरी राखे र आयोजना जाँचपास फरफारक भएपछि वा ६ महिनापछि (मर्मत सम्भार गरी त्रुटी सच्याउने अवधि समाप्त भएपछि) कट्टा गरिएको ५% प्रतिशत धरौटी रकम सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय भयो।

निर्णय नं. १६. आ.व. ०८०/८१ को लागि यस अघि राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट २/२ पटक मिति २०८०/०४/११ मा र मिति २०८०/०४/२८ मा राइनास नगरपालिका क्षेत्रभित्र नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी वालुवा सङ्कलन तथा बिक्री वितरण गर्न र आन्तरिक श्रोत वृद्धिका लागि नगरपालिकाबाट स्वीकृत I.E.E. प्रतिवेदन अनुसार र प्रचलित स्थानीय सरकार सन्चालन ऐन २०७४, अन्य प्रचलित ऐन नियमानुसार आन्तरिक आय ठेक्काको सूचना प्रकाशित गर्दा पनि ठेक्का लाग्न नसकेकोले राइनास नगरपालिका स्थानीय राजश्व परामर्श समितिको तत्काल बैठक बसी सो समितिको सिफारिसमा पुनः नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी पुनः तस्रो पटक १५ दिनको म्याद अवधिभित्र माथि उल्लेख भए अनुसारको नगरपालिकाबाट स्वीकृत I.E.E. प्रतिवेदन र प्रचलित ऐन नियमानुसार आन्तरिक स्रोत वृद्धिका लागि नदीजन्य पदार्थको आन्तरिक आय ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय भयो।

निर्णय नं. १७. राइनास नगरपालिका अन्तरगतका सबै तहका शैक्षिक संस्था र विद्यालयहरुको आधारभूत बाल विकास केन्द्र (विद्यालय) को नियमित अध्ययन, अध्यापन, व्यवस्थापन, गुणस्तर सिकाइ उपलब्धी शिक्षक शिक्षिकाहरुको नियमित उपस्थिति र कक्षा सन्चालन शिक्षक सिकाइ क्रियाकलाप भौतिक पूर्वाधार आदि विषयमा तत्काल अनुगमन निरीक्षण गर्न नगरपालिकाका पदाधिकारी सामाजिक विकास समितिका पदाधिकारी र राइनास नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीहरु रहेको निम्न २ टोली समूह गठन

गर्ने र मिति २०८०/०८/२९ सम्म माथि उल्लिखित शैक्षिक संस्थाहरुको र सबै तहका विद्यालयको स्थलगत सघन अनुगमन गरी सो को प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भयो।

निम्नः

अनुगमन टोली समूह १

राइनास नगरपालिका सामाजिक विकास समिति संयोजक बलराम पराजुली – संयोजक
राइनास नगरपालिका सामाजिक विकास समितिका सदस्य हरिबहादुर बोगटी – सदस्य
राइनास नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाका (अधिकृत आठौं) पूर्णबहादुर नेपाली – सदस्य
समितिले आवश्यक ठानेका अन्य नगर कार्यपालिकाका सदस्य र कर्मचारी मध्येबाट १ जना – सदस्य

अनुगमन टोली समूह २

राइनास नगरपालिका सामाजिक विकास समितिका सदस्य सोचना लौडारी – संयोजक
राइनास नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव पूर्णबहादुर अछामी – सदस्य
राइनास नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाका स्रोत शिक्षक कुमारनाथ न्यौपाने – सदस्य
समितिले आवश्यक ठानेका अन्य नगर कार्यपालिकाका सदस्य र कर्मचारी मध्येबाट १ जना – सदस्य

निर्णय नं. १८. राइनास न. पा. अन्तरगत आ. व. ०८०/८१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सन्चालन/कार्यान्वयन गर्ने वडा छनौट गर्नुपर्ने सम्बन्धमा विस्तृत छलफल हुँदा निर्णय हुन नसकेकोले आगामी नगर कार्यपालिकाको ३७ औं बैठकमा पुनः छलफल गरी निर्णय गर्ने निर्णय भयो।

निर्णय नं. १९. राइनास नगरपालिकाको नियमित बैठकमा पेश गर्ने प्रस्तावित छलफलका विषयसूचीहरु (Agendas) को पूर्व तयारी छलफल तय गरी प्रस्तावित छलफलका विषयसूचीहरु (Agendas) तय गर्ने सम्बन्धमा निम्न नगर कार्यपालिकाका पदाधिकारीहरु र कर्मचारी समेत रहेको ५ सदस्यीय समिति गठन गर्ने निर्णय भयो। समितिले आवश्यकता अनुसार सबै वडाध्यक्षज्यूहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरुसँग, प्राविधिक शाखा प्रमुख, योजना शाखा प्रमुख, विषयगत शाखा प्रमुख, नगरपालिका अन्तरगतका कार्यक्रम आयोजनाका प्रमुखसँग समन्वयन गरी प्रस्ताव तयार गर्ने समेत निर्णय भयो।

निम्नः

नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ -संयोजक
नगर उपप्रमुख श्री पुष्पराज खनाल -सदस्य
वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य श्री गोबिन्द चिलुवाल -सदस्य
वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य श्री लक्ष्मण शाही -सदस्य
राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रशासन अधिकृत श्री शर्मिला अधिकारी -सदस्य

निर्णय नं. २०. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिंहदरवार काठमाण्डौको मिति २०८०/०५/२१ गते प्रकाशित सूचना अनुसार यस नगरपालिका क्षेत्र भित्रका निम्न स्थानमा र निम्न संस्थाको परिसर स्थानमा जेष्ठ नागरिक मिलन केन्द्र तथा दिवा सेवा केन्द्र स्थापना तथा संचालान गर्न महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय भयो।

निम्नः

| क्र.सं. | स्थान वा सामाजिक संस्थाको परिसर स्थान |
|---|---|
| १. | सर्वोदय सेवा आश्रम (धर्मनाथधाम), रा.न.पा.-८, हर्राबोट |
| २. | जेष्ठ नागरिक समाज, रा.न.पा.-६, धमिलीकुवा |
| ३. | चक्रतिर्थ जेष्ठ नागरिक समाज, रा.न.पा.-४, सातबिसे |



CamScanner